☎०६९-५२२००२

# जलजला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## लामाखेत, पर्बत

चलानी नं:- १५१०

पत्रसंख्या :-०८२/८३

२०७३

गण्डकी प्रदेश, नेपाल

मितिः२०८३/०१/०९

ने.स.११४६ बछलाथ्व ६ बुधबार

(जलजला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लामाखेत, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३)

श्री वडा कार्यालय, १ देखि ९ वडा सबै,
श्री सरोकारवाला लाभग्राही सबै जलजला गाउँपालिका ।

**विषयः मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार खर्च प्रदान गर्न नामावली नविकरण सम्बन्धमा।**

प्रस्तुत विषयमा "मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम मासिक रु ५००० (पाँच हजार) का दरले उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.व २०८२/०८३ मा औषधी उपचार खर्च प्राप्त गर्न नामावली नविकरण साथै नयाँ विरामीहरुको नाम दर्ता समेत वडा कार्यालयको अभिलेखमा गरी सम्बन्धीत विरामी वा निजको परिवार सदस्य तपसिलको कागजात सहित सूचना प्रकाशन भएँको मितिले १५ दिन भित्र जलजला गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. सम्बन्धित चिकित्सकले रोग प्रमाणित गरेको अनुसूची १,
२. औषधी उपचार वापत खर्च पाँउ भनी निवेदन अनुसूची २,
३. मेरुदण्ड पक्षघातका बिरामीहरुको हकमा रातो वा निलो कार्ड,
४. दोहोरी सुविधा नलिएको सम्बन्धीत वडा कार्यलयको सिफारिस पत्र (दोहोरो सुविधा भन्नाले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण वा विदेशी सरकारवाट रोजगारी/ पेन्सन प्राप्त नगरेका व्यक्ति र नेपाल सरकारबाट उपलब्ध गराउदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपांग भत्ता लगाएत नेपाल सरकारवाट साविकमा पाई आएको सामाजिक सुरक्षा भत्ता नलिएको)

५. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नाबालकको हकमा जन्मदर्ता)
६. सम्बन्धित अस्पतालको विरामी पुर्जाको प्रतिलिपि (विगत तिन महिना भित्र फलोअप चेकजाँच रिपोर्ट)
७. सम्बन्धित विरामीको नाममा रहेको बैंक खाताको चेक

नोट : वडा कार्यालय (९ वटै) बिरामीको निबेदन संकलन गरी सिफारिस साथ पेश गर्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner